यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक ४६ ○श्रेणी 'क' ○२०७२ कार्तिक २३ गते सोमबार ○ 9 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

जलविद्युत् क्षेत्रको विकासका लागि दीकालिन रणनीति बनाइँदै
स्वाधीन अर्थतन्त्रमा मुलुक नै सक्षम

रमेश लम्साल
काठमाडौं २२ कार्तिक ।

भारतले अघोषित रुपमा नाकाबन्दी गरेपछि सरकारले दीर्घकालीन रुपमा जलविद्युत् क्षेत्रको विकास गर्ने रणनीति अख्तियार गर्ने भएको छ । मुलुकलाई इन्धनका आत्मनिर्भर बनाउन र वैदेशिक व्यापार घाटा कम गर्न जलविद्युत्भन्दा अर्को कुनै उपाय नभएको भन्दै सरकारले ठूला र महत्वपूर्ण आयोजना अगाडि बढाउन लागेको हो । जलाशययुक्त र ठूला आयोजना भएको भए खाना पकाउने एलपी ग्यासको विकल्प समेत हुने र ठूलो परिमाणको रकम विदेशिनबाट जोगिने भन्दै सरकारले महत्वपूर्ण आयोजनामा जोड दिन लागेको हो ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी जस्ता जलाशययुक्त आयोजना अगाडि बढाउने योजनामा सरकार रहेको उपप्रधानमन्त्री एवम् ऊर्जा मन्त्री टोपबहादुर रायमाझीको भनाइ छ । सरकारको स्वामित्वमा रहेको जलविद्युत् लगानी तथा विकास कम्पनीले रु दुई अर्बको साधारण सेयर जारी गर्दा रु ३५ अर्बभन्दा बढीको आवेदन परेको अवस्थामा ठूला आयोजना अगाडि बढाउनका लागि राष्ट्रिय स्रोत नै पर्याप्त हुने चर्चा चलन थालेको छ । जलविद्युत्मा लगानी गर्दा आफूले लगानी गरेको रकम खेर जान्न भन्ने मनोविज्ञान स्थापित भएको छ । "जलविद्युत् कम्पनीमा साधारण सेयरमा देखिएको उत्साह त्यसैको परिचय हो" उनले भने । कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले नेपाल इन्धनमा आत्मनिर्भर बन्नका लागि लगानी गर्न तयार छ र सरकारले विश्वासमा लिए एक हजार मेगावाटसम्म लगानी गर्न कुनै वैदेशिक स्रोत खोज्नु नपर्ने अवस्था देखिएको उनले बताए । उनले सरकारले आँट्ने हो भने नेपाली लगानीमा नै एक हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने बताए । सरकारले आगामी एक वर्षभित्र विद्युत्भार कटौती अन्त्य गर्ने घोषणा गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले निर्माणाधीन आयोजना मात्रै पूरा गर्ने हो भने एक वर्षभित्र विद्युत्भार कटौती अन्त्य गर्न सकिने बताउँदै आएका छन् ।

उपप्रधानमन्त्री एवम् ऊर्जा मन्त्री रायमाझी भन्छन्-"नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइनको रुपमा रहेको ढल्केबर-मुजफ्फपुर प्रसारण लाइन निर्माण सम्पन्न भएपछि करिब ५०० मेगावाट विद्युत् आयात गर्न सकिन्छ । मुलुकभित्रै हाल करिब ३०० मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माणको क्रममा रहेको छ ।" मुलुकले करिब रु एक खर्ब ४० अर्ब जतिको इन्धन बर्सेनि आयात गर्दै आएको छ । त्यसमा रु ४० अर्ब जतिको त खाना पकाउने एलपी ग्यास मात्रै आयात हुने गरेको छ । भारतले अघोषितरुपमा नाकाबन्दी जारी राखेको अवस्थामा वैकल्पिक स्रोतको खोजी गर्ने क्रममा जलाशययुक्त आयोजना अगाडि बढाउनुपर्ने चेतना सरकार र सरोकार भएकाहरूमा विकास भएको छ । ऊर्जा विज्ञ एवम् पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्रा डा अमृतमान नकर्मीको विचारमा सरकारले तत्काल रु दुई खर्ब १० अर्ब मात्रै व्यवस्था गर्ने हो भने एक हजार ३०० मेगावाट विद्युत् आगामी पाँच वर्षभित्र उत्पादन गर्न सकिन्छ । बूढीगण्डकी जस्ता ठूला क्षमताका आयोजना अगाडि बढाउनका लागि स्वदेशी लगानी नै उपयुक्त भएको र मुलुक आफै सक्षमसमेत रहेको व्यवस्थापिका-संसद् मातहतको कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाको ठहर छ । "नागरिक लगानी कोषबाट 'स्किम' सञ्चालन गरी रु ७५ अर्बको जोहो गर्न सकिन्छ" उनले भने । यस्तै नेपाल टेलिकमबाट रु ५० अर्ब, संस्थागत लगानीबाट रु २५ अर्ब, नेपाल सरकारले प्रतिवर्ष रु १२ अर्ब लगानी गरी रु ६० अर्ब, साधारण सेयर जारी गरी रु १० अर्ब, सार्वजनिक संस्थानबाट रु १५ अर्ब रकम तत्काल जोहो गर्न सकिने उनको दाबी छ ।

बूढीगण्डकी जलविद्युत् विकास समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले रु दुई खर्ब ३० अर्ब जति रकम बूढीगण्डकी आयोजनामा खर्च हुने भएपनि एकैपटक त्यत्रो रकम आवश्यक नपर्ने भएकाले पाँच वर्षभित्र जोहो गर्दा पनि हुने बताए ।

उनले सो आयोजनाका लागि मुआब्जा वितरण र पूर्व तयारीको काम गर्न तत्काल रु २५ अर्ब जति रकम आवश्यक रहेको बताए । सरकारले सो परियोजनाका लागि चालु आवमा रु तीन अर्ब ३७ करोड बजेट विनियोजन गरेको छ । सो रकममध्ये रु एक करोड ९० लाख खर्च भएको छ । आयोजनाका लागि एक लाख तीन हजार हेक्टर जमिन खाली गर्नुपर्ने र ती क्षेत्र डुबानमा पर्ने भएकाले त्यसका लागि रु ५८ अर्ब रकम अन्तिमसम्म मुआब्जा दिनुपर्ने हुन्छ ।

तर रकम जोहो गर्न समस्या नभएको सभापति थापाको भनाइ छ । उनी भन्छन्-"नेपाल टेलिकमले मात्रै स्किम सञ्चालन गर्ने हो भने आगामी पाँच वर्षभित्र रु ५० अर्ब रकम उठाउन सकिन्छ ।" सरकारले उक्त विषयलाई कति र कुन तहमा ध्यान दिन्छ भन्ने कुरा नै महत्वपूर्ण हुने धारणा राख्दै ऊर्जा क्षेत्रका जानकार नकर्मी भन्छन्, "सरकार र नीति निर्माण तहमा रहनेले जिम्मेवारी बोध गरिदिए मात्रै हुन्छ । लगानी खोज्न कहीँ जानु पर्दैन र भारतले नाकाबन्दी गऱ्यो भनेर दु:ख मनाउ गर्नु पनि पर्दैन । मुलुकलाई आवश्यक पर्ने रकम नेपालभित्रै जुटाउन सकिन्छ ।" रासस

पोखराका युवा उद्यमीद्वारा ल्वाङ्घलेलस्थित
सरस्वती निमाविको भवन निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

नेपाली युवा उद्यमी मञ्च पोखराले गत वैशाखमा गएको भूकम्पबाट क्षतिग्रस्त विद्यालय भवन पुनर्निर्माण गरी हस्तान्तरण गरेको छ । भूकम्पबाट भत्किएको ल्वाङघलेल-९ सिदिङस्थित सरस्वती निमाविको बाल विकास केन्द्रको भवन पुन:निर्माण गरी हस्तान्तरण गरिएको मञ्चका अध्यक्ष प्रकाशदेव पालिखेले जानकारी दिए । 'गत असार पहिलो साताबाट निर्माण शुरु भएको भवन छोटो समयमा नै विद्यालयलाई हस्तान्तरण गर्न सफल भयौं,' उनले भने, 'युवा उद्यमीहरुको तर्फबाट विद्यालयको भवन पुनर्निर्माण गरी हस्तान्तरण गर्न पाउँदा हामी निकै खुसी छौं ।'

युवा व्यवसायीहरुले सामाजिक उत्तरदायित्वलाई बहन गर्नुपर्छ भन्ने मान्यताले भवन पुनर्निर्माण अभियानमा सहयोग पुऱ्याएको पालिखेले जानकारी दिए । योङ टाइगर पोखराको सहयोगमा भवन निर्माण गरिएको उनले बताए । नेपाली युवा उद्यमी मञ्च पोखरा अध्यक्ष पालिखे र योङ टाइगर पोखराका अध्यक्ष अशोक तुलाचनले शनिबार आयोजित एक कार्यक्रमको अवसरमा संयुक्त रूपमा भवन हस्तान्तरण गरेका हुन् । क्षतिग्रस्त भवनको पुनर्निर्माणमा सहयोग गर्न पाउँदा आफूहरु निकै खुसी रहेको योङ टाइगरका अध्यक्ष तुलाचनले बताए । विद्यालय भवनको पुनर्निर्माणका लागि ६ लाख ८२ हजार रूपैयाँ लगानी गरेको मञ्चका कोषाध्यक्ष तथा पुनर्निर्माण कार्यक्रमका संयोजक सन्तोष घिमिरेले जानकारी दिए । 'छोटो समयमा नै विद्यालय भवन पुनर्निर्माण गर्न सफल भयौं,' घिमिरेले भने, 'भवन पुनर्निर्माण पछि विद्यालयको पठन-पाठनमा केही सहयोग पुगेको हाम्रो विश्वास छ ।' आगामी दिनमा पनि विद्यालयलाई सहयोग गर्ने उनले बताए । भूकम्पबाट कास्कीमा भत्किएका विद्यालय भवनहरु मध्ये सबैभन्दा चाँडो पुनर्निर्माण गरी युवा उद्यमीहरुले विद्यालयलाई हस्तान्तरण गर्न सफल भएको घिमिरेले बताए ।

विद्यालय भवन हस्तान्तरण कार्यक्रममा बोल्दै प्रधानाध्यापक शान्ति तामाङले युवा उद्यमीहरुको सहयोगमा विद्यालय भवन पुनर्निर्माण गरिनु उदाहरणीय भएको बताइन् । 'युवा उद्यमीहरुको सहयोगमा विद्यालय भवन पुनर्निर्माण भएपछि पठनपाठन सञ्चालन गर्न सहज भएको छ,' उनले भनिन्, 'खुल्ला आकाशमुनी बढ्न बाध्य विद्यार्थीले पक्की भवन पाएका छन् ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनबहादुर तामाङले व्यावसायिक क्षेत्रमा सक्रिय युवा उद्यमीहरुको पहलमा विद्यालयको भौतिक संरचना पुनर्निर्माणमा सहयोग गर्नु प्रशंसनीय काम भएको बताए । युवा उद्यमीहरुले विद्यालय भवन पुनर्निर्माण गरेर सहयोगको भावना भएमा धेरै काम गर्न सकिन्छ भन्ने सन्देश दिएको विद्यालयका शिक्षक अर्जुन कँडेलले बताए ।

यसैबीच, युवा उद्यमी मञ्च पोखराले पोखरा-२४ कृष्तिमा रहेको बक्रेक प्राविको भवन पनि पुनर्निर्माण गरिरहेको छ । 'बक्रेक प्राविको भवन पुनर्निर्माण पनि अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'छिट्टै एक कार्यक्रमको आयोजना गरी उक्त भवन पनि हस्तान्तरण गर्छौं ।' भूकम्पका कारण विभिन्न स्थानका विद्यालयमा पढाइ नहुने स्थिति देखेकाले केही सहयोग गरौं भन्ने भावनाका साथ सहयोग गरेको अध्यक्ष पालिखेले बताए । 'विद्यालयको पुनर्निर्माणमा सहयोग जुटाउनका लागि युवा उद्यमीहरुसँग सहयोगको हातसमेत अगाडि बढायौं,' पालिखेले भने, 'सामाजिक दायित्वलाई पुरा गर्न हामी सबै युवा उद्यमी सक्रिय छौं ।' मञ्चको सक्रियतामा यस अगाडि पनि विभिन्न विद्यालयमा अस्थायी संरचना बनाउने काम भएको थियो ।

पोखरा विमानस्थल सुनसान

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

हवाइ इन्धन अभावले आन्तरिक उडानहरु बन्द भएपछि पोखरा विमानस्थल आइतबार सुनसान बनेको छ । पोखराबाट काठमाडौं र हिमालपारीको मुस्ताङस्थित जोमसोममा नियमित उडान हुँदै आएको थियो । यहाँबाट बुद्ध एयरले दैनिक काठमाडौंमा ५, यतिले काठमाडौंमा ८ र सिम्रिकले ३ उडान गर्दै आएका थिए । यसैगरी जोमसोमका लागि तारा एयरले दैनिक ६ र सिम्रिकले २ उडान गर्दै आएकोमा आइतबारदेखि सबै उडान बन्द भएको पोखरा नागरीक उड्डयन कार्यालयका प्रमुख दिपक बराललले बताए । 'अघिल्लो वर्षको तुलनामा यी उडानहरु निकै कम हुन,' बराललले भने,-'त्यहीमाथि इन्धन अभावले अहिले ठप्प बन्न पुग्यो ।' एयरलाइन्सहरुले टेलिफोन सम्पर्कमा रहेकालाई टेलिफोन गरी उडान हुन नसक्ने जानकारी गराएका थिए । तर अनलाईनबाट टिकट लिएकाहरु भने विमानस्थल पुगेर निराश भएर फर्किएका थिए । बिहानैदेखि चहलपहल हुने विमानस्थल हाता सुनसानजस्तै थियो ।

ताराको २ र सिम्रिकको १ जहाज र प्रभु एयरलाईन्सको एक हेलिकोप्टर पार्किङमा थन्किएका छन् । पुतलीजहाज ९अल्ट्रालाइट० फाट्टफुट्टरुपमा चलेका छन् । सबै उडान बन्द भएपछि धावनमार्ग लगायतका स्थानमा मर्मतको काम थालिएको बराललले बताए ।

समाचार लेखन तालिम सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

राष्ट्रिय समाचार समितिले पोखरामा आयोजना गरेको समाचारदाता-प्रतिनिधिका लागि पश्चिमाञ्चल क्षेत्रस्तरीय समाचारलेखन तालिम आइतबार सम्पन्न भएको छ । राष्ट्रिय समाचार समिति रासस बृहत् हित उपसमितिको संयोजनमा भएको दुईदिने तालिममा पश्चिमाञ्चलका ३२ जना पत्रकारको सहभागिता रहेको थियो ।

राससका समाचारलाई भरपर्दो गुणस्तर र यसको सेवालाई प्रभावकारी बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको हो । तालिममा राससका बोर्ड अध्यक्ष कुलचन्द्र वाग्ले, राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त किरण पोखेल, राससका बोर्ड सदस्य तथा रासस बृहत् हित उपसमितिका संयोजक गङ्गाधर पराजुली, राससका प्रधान सम्पादक राजु शाक्य, कार्यकारी सम्पादक एकराज पाठक, कार्यकारी व्यवस्थापक उत्तम सिलवाल, अग्रज पत्रकार नारायण कार्की, पत्रकार कृष्णमणि बराललले सहजीकरण गरेका थिए । समापन कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले पत्रकारितालाई मर्यादित बनाउनका लागि यो तालिम फलदायी भएको बताउँदै विट पत्रकारिताको खाँचो रहेको उल्लेख गए । राससका अध्यक्ष वाग्लेको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चालन कार्यकारी व्यवस्थापक उत्तम सिलवालले गरेका थिए ।

१७ औं पोखरा सडक महोत्सव पुसको १३ देखि

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

रेष्टुरेण्ट एण्ड बार एशोसिएशन अफ नेपाल (रेवान) पोखराले आयोजना गर्दै आएको पोखरा सडक महोत्सवको १७ औं संस्करण आउँदो पुष १३ देखि १७ गते सम्म हुने भएको छ । रेवान पोखराका अध्यक्ष गोपीबहादुर भट्टराईको अध्यक्षतामा आइतबार बसेको बैठकले १७ औं सडक महोत्सवका लागि समितिका सदस्य दोर्जे लामालाई संयोजकमा चयन समेत गरेको छ । मुन डान्स रेष्टुरेण्टका लामा रेवान पोखराका कार्यसमिति सदस्य हुन् । अंग्रजी नयाँ वर्षको अवसरमा 'सडकमै खाउँ सडकमै नाचौ सडकमै रमाऔं' भन्ने मुल नाराका साथ रेवानले यो महोत्सव आयोजना गर्दै आएको छ । 'देशको असहज परिस्थितीका वाबजुद पनि विगतदेखि गरिदै आएको महोत्सवलाई यसपटक पनि भव्यताका साथ आयोजना गरिने निर्णय गरियो'-अध्यक्ष भट्टराईले भने । भूकम्पपछिको नाकाबन्दीका कारण पर्यटन क्षेत्र नराम्ररी प्रभावित भएको बताउँदै सम्बन्धित निकायलाई यसका बारेमा ध्यानाकर्षण गराइने पनि बैठकले निर्णय गरेको छ ।

महोत्सवमा विभिन्न अर्न्तराष्ट्रिय खानाका परिकार, राष्ट्रिय पप् तथा लोक गायक गायिकाको साँगीतिक प्रस्तुति, बाल उद्यान, साँस्कृतिक कार्यक्रम लगायत रहेन छ । आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्दै समग्र राष्ट्रकै पर्यटन उद्योगमा सहयोग पुऱ्याउने उद्येश्यका साथ रेवानले यो महोत्सव आयोजना गर्दै आएको छ । महोत्सव सफल पार्न सम्पूर्ण नेपाली दाजुभाई दिदीवहिनिहरुले आ आफ्नों स्थानवाट सहयोग गर्नुहुने विश्वास लिएका छौं-अध्यक्ष भट्टराईले भने ।

व्यापार मेला मंसिर १० गतेदेखि

पोखरा उद्योग वाणिज्य संघले आउँदो मंसिर १० देखि २० गतेसम्म पोखरामा आयोजना गर्ने राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७२ अनिश्चितकालको लागि पर धकेलिएको छ । संघका अध्यक्ष विन्दुकुमार थापाको अध्यक्षतामा आइतबार बसेको कार्यसमितिको २१ औं बैठकले मेला अनिश्चितकालको लागि पर सार्ने निर्णय गरेको महासचिव रवीन्द्रबहादुर प्रजुले जानकारी दिए । संघले वर्तमान विषम परिस्थितिका कारण मेला पर सार्नु परेको जनाए पनि सीमामा जारी अवरोध र भारतको अघोषित नाकाबन्दीले सृजना गरेको विषम परिस्थितिलाई ध्यान दिएरै मेला पर धकेलिएको हो । यस अघि लेखनाथ उद्योग वाणिज्य संघले समेत घोषित मेला पर सारेको जनाएको थियो । पोखरा उद्योग वाणिज्य संघका महासचिव प्रजुका अनुसार स्थिति सहज भएपछि मेला आयोजना हुनेछ । मेलाको आगामी मिति लेखनाथ उद्योग वाणिज्य संघसँगको छलफलपछि तय गरिने उनले जनाए । कास्कीमा रहेका दुई उद्योग वाणिज्य संघले यस अघि आपसी समझदारीमा भिन्नाभिन्नै समयमा मेला गर्ने घोषणा गरेका थिए ।

नेपाली क्रिकेट टीमको पाकिस्तानीद्वारा प्रशंसा

काठमाडौं २२ कार्तिक ।

विश्व विजेता रहि सकेको र टेस्ट मान्यता प्राप्त पाकिस्तानसँग खेल्ने अवसर पाउनु नै नेपाली क्रिकेट टोलीका लागि जित बराबर थियो। दुई देशबीचको क्रिकेट इतिहास र सफलता तुलना गर्ने हो भने नेपाल निश्चित हारको हकदार टोली हो। पछिल्लो पटक इङ्ल्यान्डविरुद्धको एकदिवसिय श्रृखंला खेल्दाका टोलीमा रहेका खेलाडीको बाहुल्यता रहनाका वावजुद पाकिस्तानिज् नाम दिइएको पाकिस्तानविरुद्ध नेपाल हार्नेमा नेपाली क्रिकेट बुझ्ने कसैलाई शंका थिएन ।

चासो हार जितमा भन्दा पनि पाकिस्तानविरुद्ध नेपालले कस्तो प्रदर्शन गर्छ,मैदानमा कति समय टिक्छ र पुरा ५० ओभर खेल्न सक्छ कि सक्दैन भन्नेमा थियो । आइतबारको खेल सकिएपछि पाकिस्तानीपूर्व कप्तान रमिज राजाले ट्विट गरे ,'नेपाल १ सय २१ रनले पराजित भएको छ । तर उनीहरुले २० करोड पाकिस्तानी र ३ करोड नेपालीको मन जितेका छन् । उनीहरुको प्रदर्शनलाई सलाम छ ।' उनले अर्को ट्वीट पनि गरिहाले,' अर्को बर्षको विश्व ट्वान्टी-२० क्रिकेट अघि पाकिस्तानले नेपालसँग ट्वान्टी-२० श्रृखंला खेल्नुपर्छ ।'

उनले आफ्नो तर्कसँग सहमत हुनेलाई रि ट्वीट गर्न समेत आग्रह गरेका छन् । राजाको ट्वीटलाई रि ट्विट गरेका पाकिस्तानी पूर्व तीब्र गतिलका बलर सोहब अख्तरले छुट्टै अर्को ट्वीट गरे,' पाकिस्तानविरुद्ध नेपाली खेलाडीले यस्तो प्रदर्शन गर्न सक्लान् भन्ने मैले कहिल्यै सोचेको थिइन । उनीहरु धेरै बलियो भएका छन्, 'वाव'।' राजा र अख्तरको ट्वीट नेपाली टोलीका लागि प्रंशसा मात्र थिएन प्रेरणा समेत थियो ।

अपेक्षा अनुसार नेपाली टोलीले पाकिस्तानलाई १ सय २१ रनको फराकियो नतिजा सुम्पियो । तर नेपाली दर्शक खुसी हुनुपर्ने ठाँउ भने टोली पुरा ५० ओभर टिक्यो , अलआउट भएन र विश्व क्रिकेटकै शक्तिशाली राष्ट्रमध्येको एक टोलीविरुद्ध २ सय रनको आकडा पार गऱ्यो । नेपाली टोलीको मुख्य समस्या ब्याटिङ मानिन्छ । पाकिस्तान विरुद्ध भने टोलीले ब्याटिङ खुलेर ब्याटिङ गर्न नसकेपनि खासै खुम्चिन पनि परेन । विश्व ट्वान्टी-२० क्रिकेटमा ओपनिङ पूर्ण रुपमा असफल भएको नेपाली टोलीका लागि आइतबार ओपन अनिल मण्डलले अर्धशतक पुरा गर्नु कम अर्थपूर्ण होइन । संयुक्त अरब इमिरेट्स (युएइ) मा पपुवा न्युगिनीविरुद्ध विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्नुअघि पाकिस्तान टोलीविरुद्ध यो स्तरीय प्रदर्शनले पक्कै पनि टोलीको मनोबल उच्च बनाउने काम गर्नेछ । ३ सय २७ रनको पहाड झै लाग्ने लक्ष्य पछ्याएको नेपालले सन्तोषजनक सुरुआत गरेको थियो । अनिल र अर्का ओपन सुवास खकुरेलले पहिलो विकेटका लागि ४९ रनको सझेदारी गर्दै धर्यताप्रदर्शन गरेको थियो । टोलीले पहिलो विकेटका लागि सुवास (२६) लाई गुमाएको थियो । पहिलो भन्दा पनि नेपालले दोस्रो विकेटमा झनै सुधारिएको प्रदर्शन गर्‍र्यो। अनिल र सागर पुन (३९) पुनले दोस्रो विकेटका लागि ७९ रनको साझेदारी गरे । पाँचौं विकेटका लागि उपकप्तान ज्ञानेन्द्र मल्ल र शरद भेषावकरले ४९ रनको साझेदारी गरे । १ सय ९ बल खेलेका अनिलले ४ चौका र १ छक्कासहित टोलीका लागि सर्वाधिक ६१ रनको योगदान गरे। ज्ञानेन्द्रले ५२ बलमा ५ चौकासहित ४१ रन बनाए । कप्तान पारस खड्का १३ रनमा आउट भए भने शरदले अविजित १३ र महबुब आलमले अविजित १ रन बनाए । पाकिस्तानिज्का अनवर अलिले दुई विकेट लिने क्रममा अनिल र ज्ञानेन्द्रलाई शिकार बनाए । सुवासलाई यासिर शाह, सागरलाई अहमद सेजाद र पारसलाई वाहव रिजाजले आउट पारे ।

त्यसअघि नेपालले टस जितेर पाकिस्तानलाई ब्याटिङका लागि निम्त्याएको थियो । पाकिस्तानले ६ विकेटको नोक्सानीमा ३ सय २६ रन बनाएको थियो । रिटायर्ड आउट हुनुअघि टोलीका लागि कप्तान अजर अलि र पूर्व कप्तान सोहव मलिकले अर्धशतक पुरा गरे । अलिले सर्वाधिक ७३ र मलिकले दोस्रो सर्वाधिक ६३ रन जोडे । बसन्त रेग्मीले पाकिस्तानका सफल खेलाडीमध्येका एक युनिस खान (३८) र सेजदा (३५) को विकेट लिए । अर्धशतक बनाउन १ रनले चुकेका मोहम्मद हाफिजको विकेट सागरले लिए । पासरले सरफराज अहमद (२) को विकेट लिएको नागरिक न्यूजले जनाएको छ ।

नाकाबन्दी चैत्रसम्म जारी रहन्छ–डा. रेग्मी

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

नेपाल ज्योतिष पत्रकार महासंघका केन्द्रीय अध्यक्ष डा. बलराम उपाध्याय रेग्मीले आगामी चैत सम्म नाकावन्दी नखुल्ने बताएका छन् । रेग्मीले भारतको साढे सात र मधेशको अढैया शनि लगायत ५ वटा शनि र साढे सातले नेपालीलाई समस्यामा पारेको बताए ।

'चैतसम्म पेट्रोल पाइएला भनेर आसै नगरे हुन्छ, बेलैमा दाउरा किनेर व्यवस्था गरे हुन्छ'-उनले भने-मैले त जानेर आफ्नो व्यवस्था गरिसके ।' यस्तै उनले अहिले आएको संविधान धर्म छाडेर आएकोमा दु:खेसो पोखे । उनले भने-'यो धर्मछाडा शनिले संविधान धर्म छाडेर आको हो ।'

साथै रेग्मीले अहिलेको सरकारले ज्योतिष प्रति ख्याल नगर्ने प्रष्ट भएको बताए । उनले ज्योतिष र धर्म विनाका कार्यक्रमहरुको आयु नहुने भएकाले अहिलेको सरकारको पनि लामो आयु नभएको बताए ।

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।
- गेटो

सम्पादकीय . .

कालोबजारी रोक्ने कस्ले ?

भारतको अघोषित नाकाबन्दीले नेपाली नागरिकको चुल्होसम्ममा प्रभाव परेको छ। हिजो बिक्री नभएर स्टोरमा थन्क्याएर राख्नु परेका खाना पकाउने विद्युतीय सामाग्रीहरुको मूल्य सोधी नसक्नु छ। भारतको नाकाबन्दी नहुँदा सहज रुपमा नेपाल भित्रिएर गोदाममा स्टोर गरेर राखिएका खाद्यन्न सामाग्रीको मूल्य सुन्दा पनि आङ नैं सिरिङ हुन्छ। पुरानो दरमा ल्याईएका मूल्य पुरानै दरमा बिक्री वितरण गर्नुपर्ने नियम भएपनि खाद्यन्न व्यापारीहरुले मनलाग्दी नाफा असुलेर बिक्री गरिरहेका छन्। जसले उपभोक्ताको ढाड सेक्ने मात्र काम गरेको छ। व्यापारीहरुले मनलाग्दी नाफा कुम्ल्याई रहेपनि त्यसको नियमन गर्ने निकाय भने देखेपनि नदेखेझैं गरेर बसेको छ। खाद्यन्नको मुल्यले सिमा नै नाघेर के भो र त्यसको प्रत्यक्ष असर निम्न वर्गिय उपभोक्ताले मात्रै भोग्नु पर्छ। किनकी यहाँ हुने खानेहरुलाई कहिल्यै नपुग के छ र। गोदाम टन्न भरिएको छ। आवश्यकता पर्दा जति झिकेपनि भो। जनताका लागि नभइ नहुने खाने तेलको मूल्य ३ सय प्रतिशत वृद्धि भएको छ। खाना पकाउन चाहिने एलपी ग्यासको पनि चरम अभाव भएपछि अहिले पोखरा लगायत देशभरका होटलहरु दाउरा र भूसे चोल्होमा निर्भर हुनुपर्ने अवस्था सिर्जना भएको छ। भने विद्युतबाट खाना पकाउने राईस कुकरको पनि मुल्य छोइनसक्नु छ। राईस कुकर पनि अभाव भएपछि विद्युतबाट खाना पकाउने इलेक्ट्रिनिक्सका समानको अचाक्ली नाफा खाएर व्यवसायहरुले बिक्री गरिरहेका छन्। व्यापारीहरुको मनपरीतन्त्रले उपभोक्ता ठगिएका छन् भने व्यवसायी भने मोटाईरहेका छन्। उपभोक्ता खुलेआम ठग्ने काम निरन्तर चलिरहेका बेला उपभोक्ताको हित अधिकारका लागि वकालत गर्ने सरकारी निकाय भने मौन बसेका छन्। जिल्ला प्रशासन, प्रहरी, नगरपालिका, अदालत, उपभोक्ता मञ्च चुप लागेर बसिरहने होभने उपभोक्ता मारा खेल जारी रहने निश्चित छ। जनताको ढाड सेक्ने गरी व्यापारीहरुले खाद्यन्नदेखि लिएर इलेक्ट्रोनिक्स समानमा खादै आएको ठूलो भोलुमको नाफालाई समायोजन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउन उपभोक्ता समयमै सजग हुन जरुरी छ। भारतले अघोषित नाकाबन्दी गरेपछि सबैभन्दा बढी पेट्रालियम पदार्थमा कालोबजारी हाबी भएको छ। कालो बजारीमा सर्वसाधारण मात्रै होइन प्रहरीकै मिलेमतो रहेको पाईएको छ। कालोबजारी हाबी नहुने होभने भारत र चिनबाट भित्रिएको थोरै पेट्रालियम पदार्थले सबैलाई राहत हुने निश्चित छ। पहुँच हुनेवालाहरुले मात्रै प्रशस्त मात्रामा इन्धन पाईरहेका छन् भने पेट्रोल पम्पसंग पहुँच नहुनेहरुले तेलको गन्धसम्म पाउन सकेका छैनन्। पेट्रोलियम पदार्थपछि एलपी ग्यास, खाने तेल र खाद्यन्नको मूल्य विशेष गरी आकाशिएको छ। बजारमा नाकाबन्दी पूर्व ढुवानी गरी भण्डारण गरिएको खाद्यन्नको मूल्यवृद्धि गरेर व्यापारीहरु मोटाउने काम गरेका छन्। यस्तो उपभोक्ता मारा बेतिथिलाई निमिठ्यान्न पार्नका लागि सम्बन्धित निकायले प्रभावकारी कदम चाल्न आवश्यक छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल कार्तिक २३ गते सोमबार, तदनुसार नवेम्वर ९ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णपक्षपक्षको त्रयोदशी तिथि २५ घटि ४४ पला अर्थात दिनमा ४ बजेर ३७ मिनेटसम्म त्यसउप्रान्त चतुर्दशी तिथि लाग्नेछ। आज सूर्य तुला राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि १५ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २० मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १४ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ।

वृष : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने।

मिथुन : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ।

सिंह : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ।

कन्या : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ।

तुला : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ।

धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला।

मकर : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ।

कुम्भ : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला।

मीन : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कांग्रेसको अब : अवसान कि आरोहण ?

प्रा.डा.वद्रीविलास पोखरेल

नेपाली कांग्रेस प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका र योगदान गरेको पुरानो पार्टी हो। राष्ट्र राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई मूल मान्यता मानेर हालसम्म क्रियाशील यस पार्टीमा दुई पृथक विचारको बहस पहिलेदेखिकै हो। पार्टीका अध्यक्ष विश्वेश्वरप्रसाद कोइरालाका कतिपय तत्कालीन मान्यताका विपक्षमा पार्टीका लौहपुरुष गणेशमान सिंह देखिन्थे। सिंहले कोइरालाको तत्कालीन अवस्थामा राजा पक्षधर रुझानलाई मन पराएका थिएनन्। ०१५ सालको संविधानमा धारा १५५ जस्तो राजालाई आत्मघाती खालको विशेषाधिकार दिने प्रावधान नराख्न कोइरालालाई आफूले बेलैमा सुझाएको सिंह बताउँथे। राजासित मात्र निकटता बढाएर बहुदलीय प्रजातन्त्र प्राप्त हुन सक्तैन भन्ने मान्यतामा उनी अडिग देखिएका थिए। बहुदलीय प्रजातन्त्र प्राप्तिका लागि राजासितको मिलन बिन्दुबाट सम्भव छैन भन्ने सोच सिंहको देखिन्थ्यो, तर यस विचारलाई उनले व्यवस्थित गरेनन्।

यस खालका दृष्टिकोणको आधार पुष्पलालद्वारा प्रस्तावित न्यूनतम सहमतीय राजनीतिक मान्यताको परोक्ष प्रभाव रहेको हुन सक्छ। राजाले धोका दिएको र दिन सक्ने स्पष्ट सम्भावनाका कारण पनि सिंहमा यस्तो धारणा जबर्जस्त बनेको हुनुपर्छ। पुष्पलालले ०१७ सालमा कालोकाण्ड घटित भएपछि विघटित संसद्को पुनःस्थापनाको माग राख्दै क्रमशः संयुक्त जनआन्दोलनमार्फत निरंकुश पञ्चायती शासन अन्त्यको मान्यता अगाडि सारेकाले पनि कांग्रेसभित्र विचारको तरंग उत्पन्न भएको देखिन्छ। यस मान्यताले दाहिने र देब्रे दुवै अतिवादलाई गम्भीर शिक्षा दिएकै हो। नेपाली राष्ट्रिय राजनीतिक वृत्तमा एकअर्का पार्टीका सकारात्मक पक्षबाट थोरधेर प्रभावित हुने कुरा एक सामान्य कुरा पनि हो।

यसरी नेपाली कांग्रेसमा सहकार्य, संयुक्त अभियानमार्फत लोकतान्त्रिक आन्दोलन र राजकीय जिम्मेदारी अवलम्बन गर्ने दृष्टिकोण कहिले सुषुप्त र कहिले जागृत हुँदै आएको देखिन्छ। पार्टीमा उपरोक्त विचारको अन्तर ०४६ सालमा स्पष्ट देखापरेकै हो। गणेशमान सिंहको दृढ अडानका कारण संयुक्त जनआन्दोलनले सफलताको बिन्दुमा पुर्‍याउन अपूर्व सहयोग पुगेको हो। यसमा वाम मोर्चाका तर्फबाट जननेता मदन भण्डारीले खेलेको बहुआयामिक तथा प्रभावशाली भूमिका आन्दोलनको मियो थियो। तर आन्दोलन सफल हुनेबित्तिकै तत्कालीन नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारीले आगामी दश वर्ष न्यूनतम सहमति कायम गरेर अगाडि बढ्नुपर्ने भनी राखेको प्रस्ताव कांग्रेसको अनुदार पक्षले सोझै अस्वीकार गर्‍यो। भण्डारीले तत्कालीन संविधानमाथि राखेका अग्रगामी २७ बुँदे प्रस्ताव कांग्रेसका कारण अस्वीकृत हुन गयो र मुलुकको अग्रगमनमा धक्का लाग्यो। त्यसबेला वाम उग्रवादले मात्रात्मक उपलब्धिलाई सकारेको भए मुलुकको शक्ति सन्तुलनमा निकै अन्तर हुनेथियो। यसले मुलुकको अग्रगमनमा धेरै सकारात्मक प्रभाव पनि पार्थ्यो। सहकार्यको फराकिलो परिस्थिति नबन्दा आन्दोलनले बढी उपलब्धि प्राप्त गर्न सकेन। यही कुरालाई मध्यनजर राखेर एमाले अध्यक्ष ओलीले पार्टी स्थापना दिवसका अवसरमा कम्युनिस्ट पार्टी र एमालेले पटकपटक राखेका मुलुकको अग्रगामी प्रस्तावित मान्यताहरू अस्वीकृत गर्दा मुलुकपछि परेको बताएका थिए। दूरदर्शी सोचका साथ अगाडि बढ्ने कुराबाट कुनै पनि पार्टी शिखरोन्मुख हुनसक्छ।

त्यसैले नेपाली कांग्रेसले विगतको राजनीतिक विरासत जोगाउँदै मुलुकको अग्रगमनको मार्गप्रशस्त गर्ने कुरामा बहुतै ध्यान दिनुपर्छ। तर, कांग्रेस अनुदार प्रवृत्तिबाट जोगिन जरुरी देखिन्छ। कांग्रेसमा अहिले पनि दक्षिणपन्थ प्रभावी देखिन्छ। एक समय बहुविभाजन र त्यसको उग्रवादी रापतापका कारण कम्युनिस्टको कांग्रेस सित दूरी कायम रहेको अवस्था थियो। नेपाली कांग्रेसभित्रको अनुदार पक्ष राजनीतिक परिवर्तनमा संयुक्त आन्दोलन र अभियानमा रहे पनि उपलब्धिलाई संस्थागत गर्ने बेला छुट्टभिन्न हुने गरेकाले नेपालको अग्रगामी दिशामा सदा बाधा पुगेको पाइन्छ। फलतः कांग्रेस पार्टीमा वाम प्रजातान्त्रिक संयुक्त, सहकार्य र सहमतिको राजनीति गर्ने पक्षधर सिंहधार ०४६ पछि पार्टीको नेतृत्व पक्षबाट उपेक्षित हुन गयो। यही ०७२ सालमा पनि संविधान जारी गरेपछि पनि पूर्ववत सहकार्यको पूर्वभद्रसहमति तोडेर अनुदार पक्ष संविधान लागू गर्ने तथा हालको संगीन परिस्थितिमा रमिते भएर बस्न पुगेको छ। कांग्रेसभित्रको उदार पक्षले हिजोका दिनमा आफ्नो सही धार र मान्यतालाई र यसले पार्टीभित्रको उदारवादी धारलाई व्यवस्थित बनाउन पनि सकेन। संसद्मा प्रमुख विपक्षमा रहेको पार्टी एमालेको निगरानीका कारण मुलुकमा ०४६ सालमा प्राप्त उपलब्धि सुरक्षित हुन सकेको हो। यही अनुकूल परिस्थितिलाई राम्ररी सदुपयोग गरेर नेकपा एमालेले नौ महिने सरकार बन्यो। यस सरकारले सीमित साधन स्रोतलाई पनि सदुपयोग गरेर आमजनताले अन्तर्हृदयबाट अनुभूत गर्ने गरी महत्त्वपूर्ण काम गर्‍यो र कतिपय दीर्घकालीन विकास निर्माणका योजना अघि सार्‍यो। यही सरकारका कारण नेपाली कम्युनिस्ट पार्टी र तिनका नेता कार्यकर्ताप्रति लगाइने गरेको अनेकौं कपोलकल्पित तथा सफेदझुटहरू क्रमशः निमिट्यान्न हुन गएका हुन्। ठीक यही परिस्थितिमा नेपालमा वाम उग्रवादले टाउको उठाएको थियो। यसका एक नायक डा. बाबुराम भट्टराई अझै बहकिएर कथित वैकल्पिक विचारको खोजीमा भौंतारिरहेका छन्, तर अर्का नायक पुष्पकमल दाहाल राजनीतिक उचाइ नाप्न थाल्दै छन्। ठोस परिस्थितिको ठोस विश्लेषण भन्दै बहकिएर र बरालिएर रुम्जाटार गरेको प्रत्यक्ष देखेर र भोगेर पनि वैद्य र विप्लव नामका वाम उग्रवादी दुस्साहसवादी प्रवृत्ति रागेभिर ताकेर हिँडेका देखिन्छन्।

अब वाम लफ्फाजी फलाकेका भरमा र कांग्रेसी डम्फु बजाएकै भरमा पार्टी उँभो लाग्नेवाला छैन। अहिले सूचना र सञ्चारको व्यापक सञ्जालबाट हरपल सुसूचित र सुशिक्षित नेपाली जनताले हरपार्टीका गतिविधिलाई नियालिरहेका छन्। तसर्थ, विगतजस्तै पिछडिएको मानसिकता राखेर होसियारीपूर्वक पार्टी र त्यसका नेता र कार्यकर्ताले राजनीतिक तथा राजकीय काम गर्न सकेनन् भने ती आमजनताबाट तिरष्कृत हुन कुनै आइतबार पर्खिनुपर्दैन। अब सिद्धान्तको फोस्रो फुइँ छाँटेर मात्र केही हुँदैन। सयथरी कुरा कथुर्नुभन्दा एक व्यवहार र काम गर्नुमा धेरै अन्तर हुन्छ। अहिले भारतीय मोदी सरकारले नेपालप्रति नाकाबन्दीका नाममा गरेका गरेका गैरराजनीतिक, कूटनीतिकविपरीत र छिमेकीको अति सामान्य धर्म विपरीत गरेका कामबाट आमनेपाली जनतामा स्वाधीनताको जागरण विस्तारित गरेको छ, तर यही विषयलाई पनि अझ घनीभूत गराउन एमालेलगायत बौद्धिक, सांस्कृतिक तथा सिर्जनात्मक संस्थाहरूको सशक्तता नदेखिनु भारी अचम्मको बात देखिन्छ। देशमा स्वाधीनता र सद्भाव दुवै एक साथ जगाउनुपर्ने बेला तराई मधेसमा सबै जमिन खाली गरिदिएर मोर्चा संगठनले कलात्मक हस्तक्षेप गर्न नसक्नु उदेकको कुरा हो। यस विषयमा आबालबनिता, युवा र प्रौढ आदि उमेर तथा चेतनास्तरलाई समेटेर रचनात्मक कामको कुनै योजना पनि नबनेको देख्दा तीनछक लागेको छ। शक्ति र सामर्थ्यको फुइँ छाँटेर मात्र हुँदैन, त्यो ऐनमौकामा प्रत्यक्ष हुनुपर्छ। यसो गरियो भने मुलुकको समसामयिक राजनीतिक परिस्थितिलाई पनि परोक्ष रूपमा अवगत गराउन पनि सकिन्छ। चरम जातीय संकीर्ण भावनाका कारण भड्किएका तराई र पहाडका मनमा मलमपट्टी लगाउन सकिन्छ। यसो गर्दा अहिलेको संकटपूर्ण अवस्थामा सहमतिको राजनीतिको औचित्य पनि पुष्टि हुन जान्छ। यसको प्रभाव नेपाली कांग्रेसभित्रको अनुदार पक्षमा पर्ने थियो।

यस खालका हस्तक्षेपकारी रचनात्मक अभियानबाट अर्को पक्ष मा अवश्य प्रभाव पर्छ। नोक्सानी हुनबाट जोगिन सकिन्छ। विगत दशवर्षे सशस्त्र द्वन्द्वकालमा एमालेलगायत प्रमुख पार्टीले निर्ममतापूर्वक सघन सैद्धान्तिक बहस गरेको भए, त्यतिविधि नोक्सानी हुने नै थिएन। त्यस्तो पार्टी र नेतृत्वलाई सशक्त मान्नुपर्छ, जसले राजादेखि रंकसम्मलाई सही पथमा हिँडाउन सक्छ। कुनै पनि रङरोगनको प्रमुख राष्ट्रिय राजनीतिक शक्ति कमजोर हुँदा देश बलियो हुन सक्तैन। कम्तिमा नेपालको भूराजनीति अवस्थाले यो कुरा बताइरहेको छ। तर जातीय र क्षेत्रीय संकीर्ण चिन्तनका पार्टी बिथलोबाहेक केही भएको थिएन, छैन र हुनेछैन। नेपालको राजनीतिक परिवर्तन र अग्रगमनमा यस्ता कथित पार्टीको कहिल्यै भूमिका थिएन, छैन र हुने पनि छैन।

दूरदर्शी सोचका साथ अगाडि बढ्ने कुराबाट कुनै पनि पार्टी शिखरोन्मुख हुनसक्छ। त्यसैले नेपाली कांग्रेसले विगतको राजनीतिक विरासत जोगाउँदै मुलुकको अग्रगमनको मार्गप्रशस्त गर्ने कुरामा बहुतै ध्यान दिनुपर्छ। तर, कांग्रेस अनुदार प्रवृत्तिबाट जोगिन जरुरी देखिन्छ। कांग्रेसमा अहिले पनि दक्षिणपन्थ प्रभावी देखिन्छ। एक समय बहुविभाजन र त्यसको उग्रवादी रापतापका कारण कम्युनिस्टको कांग्रेससित दूरी कायम रहेको अवस्था थियो। केही देशी र विदेशी शक्तिले पनि नेपालको क्लासिकल कम्युनिस्ट पार्टीप्रति नकारात्मक नजर राख्थे। यसको प्रभाव नेपाली राजनीतिमा पनि परेको थियो। यही कारण विश्वेश्वरप्रसाद कोइरालाले तत्कालीन अवस्थामा नेपाली कम्युनिष्टसित दूरी कायम राखे। तर यसलाई ढुंगामा लेखिएको अक्षर ठान्ने अनुदारवादी कांग्रेसको एउटा पार्टी धार नेपालको संविधान- ०७२ निर्माणका अन्तिम चरणदेखि अविचलित र असंयमित देखियो। संविधान जारी भएपछि पनि राष्ट्रिय प्रमुख पार्टीका बीच सहकार्य हुनुपर्ने कुरामा भाँजो उत्पन्न भयो। संविधान निर्माण गर्ने, जारी गर्ने र पूर्वसहमति अनुसार सहकार्यका साथ संविधान कार्यान्वयन गर्ने कुरामा नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौलाको अहं भूमिका स्पष्ट देखियो।

सिटौलाका मान्यताका पक्षमा पदाधिकारीसहित धेरै केन्द्रीय नेता र स्थानीय नेता कार्यकर्ता रहे पनि रामचन्द्र पौडेल, दिलेन्द्रप्रसाद बडु, शेखर कोइराला, अर्जुन नरसिंह केसी, मीनेन्द्र रिजाल, बालकृष्ण खाँड लगायत नेताका कारण मुलुकको संगीन परिस्थितिमा सहकार्य तोडियो। कांग्रेस सभापति सुशील कोइरालाले आफ्नो राजकीय प्रमुख नेतृत्वमा निर्मित तथा पारित संविधान कार्यान्वयन गर्ने विशिष्ट अवस्थामा नाटकीय रुपमा भद्र सहमति विपरीत सहकार्य तोड्नु संशयको विषय बन्यो। अब आगामी पार्टी महाधिवेशनमा यस खालको अनुदार पक्ष हाबी हुन गयो भने कांग्रेस अवसानको मार्गतिर उन्मुख हुने निश्चित देखिन्छ। नत्र यस पार्टीका सैद्धान्तिक वैचारिक व्याख्याता नरहरि आचार्य, रचनात्मक क्षमताका कांग्रेसका प्रभावशाली नेताहरू भीष्मराज आङदेम्बे, सुजाता कोइराला, पम्फा भुसाल, धनराज गुरुङ, चन्द्र भण्डारी, विश्वप्रकाश शर्मा, गुरुराज घिमिरे आदि जस्ता अनेक प्रतिभा रहेका छन्। एक समय गगन चुम्बी गगन थापा घैंटे बचाउ विचारका कारण धुमिल बनेका भए पनि उनी कमजोरी सच्याएर अगाडि बढ्ने क्षमताका नेता हुन्। मीन विश्वकर्मा भने आफ्नै पार्टीको पहल र नेतृत्वमा संविधान निर्माणपछि पनि सहमतिको राजनीतिक यात्राका पक्षधर देखिन्छन्।

तर, उनले राजकीय कार्यकारी वा संवैधानिक कुन नेतृत्व कांग्रेसको भन्ने कुरा खुलाएनन्। कांग्रेसभित्रका कतिपय आहारिस लाग्दा दोस्रो र तेस्रो पुस्ताका नेता कार्यकर्ताको सैद्धान्तिक, सांगठनिक, सिर्जनात्मक नेतृत्वबाट मात्र कांग्रेस आरोहणको दिशामा लम्किने निश्चित छ, नत्र यस पार्टीको अवसानको यात्रालाई कसैले रोक्न सक्नेछैन। किनभने, संविधान निर्माण र पारित गर्ने दिशामा कुनै न कुनै रुपमा स्पष्ट समर्थन गर्ने पार्टीका बीच आगामी दिनमा राजनीतिक तीव्र प्रतिस्पर्धा हुनेछ।

साभार : रातोपाटी

जाउँ हिंड पोखरा...

पोखरा २२ कार्तिक।

रेखा थापालाई उही आफ्नै शैलीमा उतार्दै निर्देशक शोभित बस्नेतले जाउँ हिड पोखराको ट्रेलर तयार गरेका छन्। आउँदो मंसिर ११ देखि प्रर्दशन हुने यस फिल्मको ट्रेलरमा रेखालाई उही आफ्नै प्रकारको एक्सन शैलीमा देखाईएको छ। एक्सन लभ स्टोरी जनरको उक्त फिल्मको ट्रेलर हेर्दा सिंगल स्क्रिनका दर्शकले फिल्म प्रति चासो देखाउँने सम्भावना प्रवल देखिन्छ त्यसकारण मंसिर ११ गते रिलिज हुने अर्को प्रतिक्षित फिल्म कबड्डी कबड्डीको सिंगल स्क्रिन दौडाहामा जाउँ हिड पोखरा ठूलै अपोजिशनका रुपमा देखिन सक्ने हाम्रो अनुमान रहेको छ। सिंगल स्क्रिनका दर्शक माँझ रेखा थापा र जीवन लुइँटेल निकै लोकप्रिय छन् त्यसकारण पनि मोफसल तथा सिंगल स्क्रिनका दर्शकका अगाडी कबड्डी कबड्डी जस्तो चर्चित फिल्मलाई जाउँ हिड पोखराले केही कमजोर बनाउँने सक्ने आधार देखिएको हो।

रक्तदानको तयारी

पोखरा २२ कार्तिक।

नेपाल सम्वत् ११३६ को अवसरमा पोखरामा खुल्ला रक्तदान कार्यक्रमको आयोजना हुने भएको छ। पोखरामा देखिएको रगतको अभावलाई केही भएपनि न्यून गर्न नेवाः खल कास्कीको आव्हानमा भैरव सांस्कृतिक संरक्षण समिति, लायन्स क्लव अफ पोखरा भैरव र शिव मन्दिर संरक्षण समितिको आयोजनामा यही कात्तिक २५ गते भैरव मन्दिर परिसरमा कार्यक्रम गर्न लागिएको संयोजक सञ्जय कुमार श्रेष्ठले जानकारी दिए। कार्यक्रमलाई व्यवस्थित बनाउन तयारी शुरु गरिएको छ। सोही अवसरमा शुभकामना आदान प्रदान समेत गरिने बताइएको छ। यसैबिच पोखरामा भैरव नृत्य देखाउने तयारी शुरु गरिएको छ।

पोखराका शिक्षासेवी हिमलाल पौडेल रहेनन्

पोखरा २२ कार्तिक।

पोखराका शिक्षासेवी हिमलाल पौडेलको निधन भएको छ। पोखरा-१९ घार्मी निवासी पौडेलको ७४ वर्षको उमेरमा शनिबार साँझ उपचारका क्रममा मणिपाल शिक्षण अस्पतालमा निधन भएको हो। पौडेलको वि.सं. १९९८ असोज २९ गते साविकको लामाचौर ९ घार्मीमा जन्म भएको थियो। विगत २ महिना देखि क्यान्सर रोगबाट थलिएका पौडेलको निधनले घार्मीको शैक्षिक क्षेत्रले एउटा असल अभिभावक गुमाएको छ। ३७ वर्ष शिक्षण पेशामा आवद्ध भै भूमेश्वर प्रा.वि बाट अवकाश लिएका पौडेल कास्कीका विभिन्न विद्यालयमा अध्यापन गराएका थिए। तान्त्रिक विद्यामा पारङ्गत पौडेल विकास निर्माण कार्यमा समेत सक्रिय थिए। पौडेलको आइतबारै स्थानीय गोस्ते घाटमा अन्त्येष्टि गरिएको छ। पौडेललाई जेष्ठ छोरा किर्तनराज पौडेलले दागबत्ति दिनुभएको थियो। यसअघि उहाँको शवमा स्थानियवासीले अन्तिम श्रद्धाञ्जली दिएका थिए। पौडेलको श्रीमती छलिदेवी र ३ छोरा छन्। जेष्ठ छोरा कीर्तनराज पौडेल कास्कीका योजना अधिकृत, महिला छोरा श्रीनाथ पौडेल बर्दियाका सहायक प्रमुख जिल्ला अधिकारी र कान्छा छोरा विष्णुप्रसाद पौडेल स्याग्दीका योजना अधिकृत हुन्।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं।

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।
महिला सम्बन्धि समस्या
महिनामारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

पोखरा विमर्श पत्रकारिता पुरस्कारबाट सुवेदी सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

संचारकर्मी बिनु सुवेदी पोखरामा सम्मानित भएकी छन् । पोखरा विमर्श साप्ताहिकद्वारा स्थापित 'पोखरा विमर्श पत्रकारिता पुरस्कार २०७१' बाट सुवेदी सम्मानित भएकी हुन् । भर्खर पत्रकारितामा लाग्दै गरेका पत्रकारलाई उर्जा थप्ने उद्देश्यले स्थापित गरिएको पत्रकारीता पुरस्कारबाट पहिलो पटक सुवेदी नगद ५ हजार ५ रुपैया नगद पुरस्कारद्वारा सम्मानीत भएकी हुन् । कार्यक्रमका प्रमुख अतिथि लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मी त्रिपाठी र पत्रीकाका प्रधानसम्पादक कृष्ण अन्जान ज्ञवालीले सुवेदीलाई सम्मान गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि लक्ष्मी त्रिपाठीले नेपालको पत्रकारिताको यथार्त बाध्यतामा गुज्रिएको बताए । पत्रकारिता गर्नेहरुका आफ्नै समस्या रहपनि पत्रकारहरुले देशको विषम्परिस्थितिमा खेलेको भूमिकाको उनले सम्मान गरे । उनले भने-'अहिलेको स्थितिमा पत्रकारिताले जुन भूमिका निर्वाह गरेको छ त्यो अत्यन्त महत्वपूर्ण कुरा हो, यो पत्रकारको कर्तव्य पनि हो ।' त्यस अवसरमा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले पत्रकारहरुले आफ्नो क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्ने बताएका छन् । अहिले पनि पत्रकारहरुले विहान खाए बेलुका के खाने अबस्था रहेको बताउनु लज्जास्पद रहेको बताउदै अध्यक्ष ज्ञवालीले पैसा नदिने संचारमाध्यममा खुम्चिएर बस्नु पत्रकारको गल्ति भएको बताए । उनले भने-'नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमीक नदिने संचारमाध्यममा म काम गर्छु किन भन्ने ? छोड्ने त्यहाँबाट निस्कने, आफु सक्षम बन्ने, राम्रो काम गर्ने हो भने राम्रा अवसरहरु धेरै छन् ।' अध्यक्ष ज्ञवालीले विश्वलाई प्रविधिले सानो बनाएको बताउँदै यहाँबाट अमेरिकाको समाचार लेख्न सकिने अवस्था भइसकेकाले आफ्नो क्षमता बढाएर काम गर्न पत्रकारहरुलाई आग्रह गरे । अध्यक्ष ज्ञवालीले अब आगामी दिनमा पत्रकारले न्यूनतम पारिश्रमिक पाइएन भनेको सुन्न नपरोस भने । पत्रिका र संचारमाध्यम संचालकहरुले पनि पत्रकारहरुलाई न्यूनतम पारिश्रमिक दिन सक्छु भन्ने हिम्मत राखेर संचारमाध्यम संचालन गर्न आग्रह गरे । कार्यक्रममा विशेष अतिथि स्वतन्त्र पत्रकार संघका केन्द्रीय अध्यक्ष कृष्ण प्रसाद बास्तोलाले पत्रकारितामा धेरै पुरस्कार रहेपनि विमर्शले सुरुवात गरेको पुरस्कार भिन्नै खालको रहेको बताए । बाँस्तोलाले पत्रकारिता पेशा अहिले जटिल अवस्थामा पुगेको बताए । उनले भने-'नाकाबन्दीका कारण पत्रकारहरुलाई ठूलो समस्या परेको छ, यस्तै अवस्था रहने हो भने अब २ महिनामा पोखराका धेरै पत्रिका बन्द हुने छन् ।'

कार्यक्रममा बोल्दै सम्मानित व्यक्तित्व बिनु सुवेदीले पोखरा आएर पत्रकारिता सुरु गरेकै अवस्थामा पाएको पुरस्कारले आफूलाई खुसी सँगै जिम्मेवारी थपेको उल्लेख गरिन् । कार्यक्रममा नेपाल ज्योतिष पत्रकार महासंघका केन्द्रीय अध्यक्ष डा. बलराम उपाध्याय रेग्मी, नेपाल पत्रकार संघका केन्द्रीय सदस्य सुस्मा पौडेल, पोखरा विमर्शका संस्थापक पदमराज घिमिरे उदासी, वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बराल, नेपाल मानवअधिकार आयोग पोखराकी प्रमुख सम्झना शर्मा, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, इन्सेक पश्चिमाञ्चल प्रमूख शिव खकुरेल, नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेललगायतले आ-आफ्नो भनाइ राखेका थिए । पत्रिकाका प्रधानसम्पादक कृष्ण अन्जान ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा सम्पादक राजेश पारजुलीले स्वागत गरेका थिए । कार्यक्रम असफल गौतमले संचालन गरेका थिए । २०७० सालमा स्याङजाको रेडियो स्याङजाबाट पत्रकारिता सुरु गरेकी सुवेदी अहिले पोखराको फेवा टेलिभिजनमा समाचार वाचिकाको रुपमा कार्यरत छन् । यसअघि उनले पोखराको रेडियो तरङ्ग र रेडियो सारङ्गीमा काम गरिसकेकी छन् ।

विन्ध्यवासिनी र तालबाराहीमा सफाई

पोखरा २२ कार्तिक ।

१५औं सशस्त्र प्रहरी दिवस अवसरमा सशस्त्र प्रहरी बल कालिकागण मालेपाटनले विन्ध्यबासिनी मन्दिर र तालबाराही मन्दिरमा सरसफाइ गरेको छ । गण प्रमुख प्रहरी उपरीक्षक फणिन्द्र पौडेलले दशैंदेखि सुरु सरसफाइ कार्यक्रम अन्तर्गत तिहारको मुखमा मन्दिर सरसफाई गरिएको बताए । उनका अनुसार सरसफाइमा करिब ४५ जना प्रहरी जवानको सहभागिता थियो । यसैबीच, पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ बाहिनीमा रक्तदान कार्यक्रम समेत गरिएको छ । दिवसको अवसरमा सोमबार मुक्तिनाथ बाहिनीमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको छ ।

हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.स.:१९७०/०१/१५

स्वर्गारोहण
वि.स.:२०७१२/०७/१०

स्व. धनबहादुर तामाङ

हाम्रा पुजनीय पिता **धनबहादुर तामाङ**को असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । शोकको यस घडिमा हामीप्रति सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सन्तप्त आफन्तजन, इष्टमित्र, छरछिमेक, शुभचिन्तक, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुमा **हार्दिक कृतज्ञता** प्रकट गर्दछौं ।

छोराहरू : चन्द्रबहादुर, डिलबहादुर, जयबहादुर, जितबहादुर र यमबहादुर तामाङ

एवं **स्याङ्गो खलक परिवार**

हार्दिक समवेदना

जन्मः
वि.स.:१९७०/०१/१५

स्वर्गारोहण
वि.स.:२०७१२/०७/१०

स्व. धनबहादुर तामाङ

नेपाली कांग्रेसका क्रियाशील सदस्य **धनबहादुर तामाङ**को असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

समबहादुर गुरुङ
इकाइ सभापति एवं
नेपाली कांग्रेस गाउँ समिति ल्वाङघलेल परिवार

अरुणोदय सामाजिक उद्यमी महिला सहकारीको साधारणसभा

पोखरा २२ कार्तिक ।

अरुणोदय सामाजिक उद्यमी महिला सहकारी संस्था लि. जिलाङ, अरुणोदय-६, तनहुँको दोश्रो साधारण सभा शनिबार सम्पन्न भएको छ। कार्यक्रमको प्रमुख अतिथि सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय तनहुँका सहकारी प्रशिक्षक पुष्प खनालले कुनै उद्यम गर्दा एउटा व्यक्तिले सबै कुरा आफैले जोड्न नसक्ने भएकोले सहकारीको आवश्यकता परेको वताए ।

उनले सहकारीको उत्पादन विश्वमै स्वतः विश्वसनीय तथा गुणस्तरको ट्रेडमार्क हुने भएकोले सहकारीले उत्पादनशील क्षेत्रमा लाग्नु पर्ने र एउटा सहकारीले उत्पादन गरेको वस्तु तथा सेवाको अर्को सहकारीले बिक्री वितरण गरी सहयोग गर्नुपर्ने बताए। कार्यक्रममा १५ समूहमध्ये अरुणोदय-६, वोक्सानमा रहेको लगनशील विकास समूहलाई उत्कृष्ट समूहको प्रमाणपत्रद्वारा सम्माननीत गरिएको थियो। साथै सृजनशील विकास समूह, संघर्ष विकास समूह लगायतले सास्कृतिक कार्यक्रम प्रस्तुत पनि गरेका थिए। सो अवसरमा हेफर इन्टरनेशनल पोखराका कार्यक्रम अधिकृत कृष्ण कट्टेलले सहकारीले कुन प्रयोजनको लागि ऋण प्रदान गरिएको हो उद्देश्य खुलाएर दिनु पर्ने बताए।

त्यसैगरी अरुणोदय साना किसान कृषि सहकारी संस्था, टेक्रेका अध्यक्ष धनश्याम लम्सालले सहकारी सहकारीबीच उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने बताए। कार्यक्रममा नेत्र वचत तथा ऋण सहकारी संस्था रघुका अध्यक्ष विजय थापा, अरुणोदय गाविसका निवर्तमान अध्यक्ष वेलबहादुर थापा, लगायतले शुभकामना व्यक्त गरेका थिए। संस्थाकी अध्यक्ष सीताकुमारी तिम्सेनाले हामीले कमाउन जान्यौ, खर्च गर्न पनि जान्यौ तर वचत गर्न कहिल्यै जानेका थिएनौं, आज सहकारीमा आवद्ध भएर धेर थोर वचत गर्ने बानीको विकास भएको वताईन्। साथै उनले हेफर इन्टरनेशनल नेपाल र जनचेतना विकास केन्द्र पोखराको साझेदारीमा संचालन भएको जिलाङ सामुदायिक विकास परियोजनामा आवद्ध १५ समूहहरुको सक्रियतामा स्थापना भएको संस्थाको हाल तीन सय १९ सदस्य रहेको र आगामी वर्ष एक हजार पुऱ्याउने लक्ष्य रहेको बताइन्। संस्थाका सल्लाहकार हुवीर थापाले सहकारीले वाह्रमासे घाँस तथा घाँसको विऊको उत्पादन गर्दै आएको र गएको वर्ष स्याङ्जा, कास्की र लमजुङका कृषकलाई ३७ हजारको घाँसको विऊ विक्रि गरेको वताए।

उनले जिलाङका करिब ५ सय रोपनीमा बाख्रा, गाई र भैसीकोलागि अति उपयोगी किम्बु, मेन्डोला, भट्टमासे, नेपियर २१ लगाएतका घाँस रोपेको वताए। साधारणसभाले अध्यक्ष सीताकुमारी तिम्सेनाको प्रतिवेदन र कोषाध्यक्ष मधुमाया थापाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्व सम्मत पारित गरेको थियो। संस्थाका अध्यक्ष सीताकुमारी तिम्सेनाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष अनुमाया आलेले स्वागत र कार्यालय व्यवस्थापक हेमकला थापाले कार्यक्रम संचालन गरेका थिए।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- **अन्तर्वार्ता धमाधम भइरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

गण्डकी विकास बैंक लिमिटेड, न्यूरोड पोखराको
ब्याजदरमा संशोधन

(क) निक्षेप खाताको ब्याजदर : लागू मिति : २०७२/४/१ गतेदेखि

१) मुद्धति निक्षेप खाताको प्रकार र ब्याजदर (वार्षिक ब्याजदर) :				
विवरण(अवधि)	न्यूनतम मौज्दात (रु.मा)	मासिक ब्याज भुक्तानी	त्रैमासिक ब्याज भुक्तानी	एकमुष्ट/वार्षिक ब्याज भुक्तानी
९ महिना सम्मको मुद्धति	१०,०००/-			७.५० %
९ महिना देखि १ वर्षसम्म	१०,०००/-	७.५० %	७.७५ %	८.०० %
१ वर्ष देखि २ वर्षसम्म	१०,०००/-	७.७५ %	८.०० %	८.२५ %
२ वर्ष देखि ५ वर्षसम्म	१०,०००/-	८.०० %	८.२५%	८.५० %
गण्डकी सुनौलो १ वर्षे मुद्धति	रु. ५,००,०००।-		८.२५%	८.५० %

नोट : ५ वर्ष भन्दा माथिको ब्याज आपसी सहमतिमा तय गरिनेछ ।

२)	बचत/कल निक्षेप खाता र सो को ब्याजदर (वार्षिक ब्याजदर) :		
क.सं.	विवरण (खाताको किसिम)	न्यूनतम मौज्दात	ब्याजदर*
१.	कर्मचारी बचत खाता	रु. १,००।-	६.०० %
२.	गण्डकी सुपर सेभिङ खाता	रु. १,०००।-	५.२५ %
३.	गृहलक्ष्मी नारी बचत खाता	रु. १,००।-	५.५० %
४.	ज्येष्ठ नागरिक बचत खाता	रु. १,००।-	५.७५ %
५.	बाल बचत खाता	रु. १,००।-	५.५० %
६.	गण्डकी स्वर्णिम बचत खाता	रु. १००।-	५.०० %
७.	गण्डकी सजिलो बचत खाता	रु.१।-	४.७५ %
८.	गण्डकी आकर्षक बचत खाता	रु.५०,०००।-	६.७५ %
९.	गण्डकी शेयरधनी बचत खाता	रु.१,०००।	६.५० %
१०.	कल/कर्पोरेट खाता (व्यक्तिगत कल समेत)	बैंक, वित्तीय संस्था र सहकारी रु.१००,०००।-	७.०० % सम्म
		अन्य रु.१,०००।-	(आपसी सहमतिमा)

* ब्याज दैनिक मौज्दातमा गणना भई त्रैमासिक रुपमा पूँजीकरण गरिने ।

(ख) कर्जा एंव सुविधाको ब्याजदर :

१)	कोषमा आधारित कर्जा एंव सापटीको ब्याजदर :	
क.सं.	कर्जा शीर्षक	वार्षिक ब्याजदर
१.१	ब्यवसायिक ओभरड्राफ्ट, शैक्षिक, पर्यटन, स्वास्थ्य, वैदेशिक रोजगार, घर कर्जा, हायर पर्चेज, उपभोक्ता कर्जा, चालु पूँजी कर्जा	१०.५० % देखी १६.०० % सम्म
१.२	रियल स्टेट कर्जा (व्यापारिक घर, गोदाम, पुल,पुलेसा र रियल स्टेट ओभरड्राफ्ट कर्जा समेत) लगायत व्यक्तिगत र अन्य कर्जा	११.०० % देखी १६.००% सम्म
१.३	कृषि, विपन्न वर्ग लगायत प्राथमिकता प्राप्त क्षेत्र कर्जा	१०.५० % देखी १६.०० % सम्म
१.४	मुद्धति रसिद कर्जा	थप २ %
१.५	गण्डकी सुन चाँदी कर्जा	१३ % देखि १५.०० % सम्म
१.६	विपन्न वर्ग थोक कर्जा	४.०० % देखि ८.०० % सम्म
१.७	कन्सोर्टियम कर्जा	कन्सोर्टियम सम्झौता बमोजिम
२)	गैरकोषमा आधारित वित्तीय सुविधाको कमिशनदर १-१.२५ प्रतिशतसम्म र कोषमा परिवर्तन भएमा ब्याजदर १६ प्रतिशत हुनेछ ।	

नोट : त्रैमासिक ब्याज/साँवा ब्याज भुक्तानी हुने गरी कर्जा प्रवाह गर्दा तोकिएको दरमा ०.५० प्रतिशत थप गरी ब्याजदर कायम गर्नुपर्नेछ ।

गण्डकी विकास बैंक लिमिटेड
Gandaki Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था) YOUR BANK IN NEEDS
केन्द्रीय कार्यालय, न्यूरोड पोखरा ।
पोष्ट वक्स नं. १६७, फोन नं. :०६१-५४०४६०, ५४०४६६ फ्याक्स नं. ०६१-५४१२५५
ईमेल : hop@gandakibank.com, वेवसाईट : www.gandakibank.com

जिविसको कामप्रति भदौरेतमागीवासी असन्तुष्ट

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

जिल्ला विकास समिति कास्कीबाट प्रदान भइरहेको सरकारी सेवा प्रवाह बारेमा आर्थिक वर्ष २०७२ /७३ को पहिलो चौमासिक अन्तर्गतको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । कास्कीको भदौरेतामागी, चापाकोट र कास्कीकोट गाविसलाई समेट्ने गरि भदौरेतामागीको श्री सिद्ध बराह उच्च माविमा सार्वजनिक सुनुवाई भएको हो । कार्यक्रममा स्थानीय सरोकारवालाहरुको उल्लेख्य सहभागिता भएको थियो ।

विकास निर्माण सेवा प्रवाहको विषयमा स्थानीय बासिन्दाले जिल्लामा रहेका सरकारी कार्यालयका प्रमुख सँग प्रश्न जिज्ञासा तथा सुझाव राखेका थिए । कार्यक्रममा गुनासो राख्ने क्रममा अधिकांश नागरिकले साउन १५ गते गएको भीषण पहिरोले गरेको मानवीय क्षति सँगै धनजन, भौतिक संरचना र बाटोघाटोको प्रसंगलाई उठाएका थिए । कार्यक्रममा पहिरो पीडित नागरिकहरुले राहतका कार्यक्रममा निष्पक्षता नभएको, बाढीले त्यस क्षेत्रका ५ वटा पुल बगाएको र त्यसमा अहिले सम्म निमार्णको काम अगाडी नबढेको, पहिरो प्रभावित क्षेत्रमा खानेपानीको निकै समस्या रहेको, फेवाताल बचाउनका लागि भदौरेतामागी, चापाकोट लगायतका क्षेत्रको संरक्षण गर्नु अति आवश्यक रहेको लगायतका समस्या तथा सुझावहरु राखेका थिए । स्थानीय नागरिकबाट आएका गुनासोको जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुले स्पष्ट पारेका थिए ।

कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञासाको जवाफ दिंदै स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले आम नागरिकहरुको मागलाई सकेसम्म पुरा गर्ने प्रतिवद्धता व्यक्त गरे ।

जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयको प्रमुख हरिश्चन्द्र प्रसाद रौनियारले त्यस क्षेत्रको अध्ययन र अनुसन्धान भैरहेको बताए। जिल्ला पशुसेवा कार्यालय कास्कीका प्रमुख राकेश प्रजापति, महिला तथा बालबालिका कार्यालयका प्रमुख लक्ष्मी जि.सी., जिल्ला प्राविधिक कार्यालयका प्रमुख इन्जिनियर नारायण श्रेष्ठ, जिल्ला वन कार्यालयका वन अधिकृत शालिकराम पराजुली, जिल्ला कृषि विकास कार्यालय कास्कीका वागवानी अधिकृत मनोहरि कडरिया, जिल्ला भूसंरक्षण कार्यालय कास्कीका प्रतिनिधि शिव शंकर शाह लगायतले आफूसँग सम्वन्धित प्रश्न तथा जिज्ञासाको जवाफ दिएका थिए । कार्यक्रममा नेपाली काङ्ग्रेसका प्रतिनिधि पदम प्रसाद गुरुङ, नेकपा एमालेका गोपाल प्रसाद भण्डारी, एकीकृत नेकपा माओवादी प्रतिनिधि भिम प्रसाद सुवेदी, गैसस महासंघ कास्कीका कोषाध्यक्ष गोमा ढकाल लगायतले प्रतिवद्धता सहितको मनतव्य राखेका थिए । रेडियो सफलताका प्रबन्ध निर्देशक दुर्गा अधिकारीले सहजीकरण गरेको कार्यक्रममा उद्देश्य बारे जानकारी जिल्ला विकास समिति कास्कीका सामाजिक शाखाका प्रमुख अर्जुन नेउपानेले गरेका थिए । रेडियो सफलताका वीरेन्द्र सापकोटाले सञ्चालन गरेको कार्यक्रममा हिमलाल पौडेलले आचारसहिता बारे जानकारी गराएका थिए ।

लुम्लेका पहिरोपीडितलाई आर्थिक सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

गत श्रावण १४ गते कास्की जिल्लाका बिभिन्न ठाउँमा भारी बर्षा भई आएको बाढी पहिरोका कारण सबैभन्दा बढी क्षति भएको लुम्ले गाबिसको वडा नम्बर ५ र ६ मा तमु धिं जापानले पुन:निर्माणको लागि हालै आर्थिक सहयोग गरेको छ । केही समयका लागि नेपाल आएका तमु धिं जापानका सल्लाहकार यामा शेरचन,गुरुङ र पूर्ब अध्यक्ष श्रीजङ गुरुङले एक समारोहका बीच लुम्ले गाऊंमा नै पुगि पुन:निर्माण समितिका संयोजक राम बहादुर गुरुङलाई पचास हजार रुपैयाँ नगद हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा बोल्दै सल्लाहकार यामा शेरचन गुरुङले सानो रकम भएतापनि तमु धिं जापानको तर्फबाट सहयोग गर्न पाएकोमा खुशी ब्यक्त गर्दै नेपालमा हुने यस्ता बिपदको घडिमा आफू र आफ्नो संस्था संधै मातृभूमि नेपाल र नेपालीको साथमा रहेको बताए । तमु धिं जापानका पूर्ब अध्यक्ष श्रीजङ गुरुङले बिभिन्न कारणले नेपालीहरु बिदेशिनु परेतापनि मातृभूमिमा बिपद आइपर्दा आफनो संस्थाले सहयोग गर्दै आएको बताए । स्थानीय समाजसेबी चित्र बहादुर गुरुङले संचालन गरेको कार्यक्रमका लागि तमु धिं जापानका बरिष्ठ उपाध्यक्ष तथा लुम्ले-वडा नम्बर ३ स्थायी ठेगाना रहेका श्रीभक्त गुरुङले संयोजन गरेका थिए । गत श्रावणको बर्षाबाट आएको बाढीले दश घरका २८ जना मानिसको निधन हुनुका साथै केही घाइते भएका थिए भने ३० घर पूर्णरुपमा क्षति भई बिस्थापित भएका छन ।

जिल्लास्तरीय तेक्वान्दो छनौट प्रतियोगिता

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

पूर्वाञ्चलमा हुन गइरहेको सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत शनिबार कास्की जिल्लास्तरीय तेक्वान्दो छनौट प्रतियोगिता शनिबार पोखरामा सम्पन्न भयो। प्रतियोगिता अन्तर्गत पुरुष ५४केजी तौलमुनि यासुदा तेक्वान्दो डोजाङका सुरज माझी, ५८ केजीमुनि अमरसिंह तेक्वान्दो स्कुलका किरण बुढामगर, ६३ केजीमुनि पोखरा तेक्वान्दो डोजाङका समीरबहादुर गुरुङ, ६८ केजीमुनि निरजबहादुर नेपाली, ७४ केजीमुनि लेखनाथ तेक्वान्दो डोजाङका विकास गुरुङ छनौट भएका छन्। यस्तै महिला ४६ केजीमुनि अमरसिंह तेक्वान्दो स्कुलकी ज्योति नेपाली, ४९ केजीमुनि शुक्रराज बलभद्र तेक्वान्दो स्कुलका राखी शर्मा, ५३ केजीमुनि पोखरा तेक्वान्दो डोजाङका तारा जिसी, ५७ केजीमुनि शुभकामना तेक्वान्दो डोजाङका शान्ति भण्डारी, ६२ केजीमुनि कालिका तेक्वान्दो स्कुलका उर्मिला विक छनौट भएका छन्। पुरुष पुम्सेतर्फ एकल, पियर र समूहमा विकास गुरुङ, अविक गुरुङ र रोशन रसाइली तथा महिलातर्फ रेकमाया गुरुङ, मिरा गुरुङ र स्नेहा परियार छनौट भएका छन्। राष्ट्रिय प्रतियोगितामा सहभागी हुनको लागि जिल्लाबाट छनौट भएका खेलाडी क्षेत्रीयस्तरमा प्रतिस्पर्धा गर्नुपर्नेछ। महिला पुरुष गरी ५१ ज्नाको सहभागिता रहेको प्रतियोगितामा सुनबहादुर लामा र बलराम लामा मुख्य जुरी तथा ललितबहादुर धामी, कुमार गुरुङ, अरुण माझी, निशान कार्की, लक्ष्मी गुरुङ, गंगा गुरुङ, विकास गुरुङ, विष्णु अधिकारी, मोहन पुन, रेकमाया गुरुङ र सूर्य रानाले सहायक जुरीको भूमिका निर्वाह गरेका थिए। ओलम्पियन नारायण गुरुङ, कास्की जिल्ला तेक्वान्दो सङ्घका अध्यक्ष जगन बहादुर गुरुङ र उपाध्यक्ष राजु श्रेष्ठको उपस्थितिमा भएको प्रतियोगितामा सङ्घमा आवद्ध १९ वटा डोजाङ तथा स्कुलको सहभागिता रहेको थियो।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

मिस क्वीनलाई सम्मान

पोखरा २२ कार्तिक ।

मिस क्वीन लेखनाथ २०७२ कि विजेता सुलोचना श्रेष्ठलाई समाजकल्याण नेवा खल राजाको चौताराले आइतवार सम्मान गरेको छ । लेखनाथमा नै पहिलो पटक भएको कार्यक्रम मिस क्विनमा विजेता भई नेवारी समुदायलाई माथि उकास्नुका साथै प्रचार-प्रसार गर्न उल्लेख्य भूमिका खेलेका भन्दै नेवा खलले सम्मान गरेको हो । सस्थाका अध्यक्ष धा वहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वोल्दै प्रमुख अतिथि नेवा खल संघ लेखनाथका अध्यक्ष प्रम लिगलले सुलोचनाको उपाधि भनेको यस क्षेत्रलाई विभिन्न ठाउँमा चिनाउन र समाजिक परिवर्तनमा लाग्नु पर्नेमा जोड दिए । साथै सोही कार्यक्रममा नवनिर्वाचित नेवा खल लेखनाथका सम्पूर्ण पदाधिकारीलाई समेत सम्मान गरिएको थियो ।

श्रीकालिका मन्दिरमा शुभकामना आदान-प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

रामबजार क्षेत्रमा बजारको व्यवस्थापन सँगसँगै २०४३ सालमा रामबजारको पूर्वतर्फ श्रीकालिका मन्दिरको स्थापनाका साथ हरेक वर्ष शुभकामना, तीजेगीत प्रतियोगिता, बडादशैं फूलपाती शोभायात्राका साथ नेपालीको महान चाड तिहार, नेपाल सम्वत् र छठ पर्वको शुभकामना अदानप्रदान कार्यक्रम मन्दिरको प्राङ्गणमा सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि रामबजार सोसाइटी युकेका उपमहासचिव मेख बहादुर गुरुङ्गले मन्दिरको घण्टी बजाई कार्यक्रमको उद्घाटन गर्दै पोखरा छुट्टी आएको समयमा आफ्ना अग्रजहरुलाई भेटी आशिर्वाद लिन पाएकोमा खुसी व्यक्त गर्दै रामबजार सोसाइटी युकेले यस क्षेत्रमा हुने सामाजिक कार्यलाई सहयोग गर्दै आइरहेको र आवश्यक परेमा पुन: सहयोग गर्न पहल गर्ने बताए ।

उक्त अवसरमा मन्दिर संचालनमा आर्थिक सहयोग गरेकोमा रामबजार सोसाइटी युकेका उपमहासचिव मेख बहादुर गुरुङ्गलाई दोसल्ला ओढाई फुलमालाले सम्मान गरिएको कार्यक्रममा साना साना बालबालिकाहरुबाट नृत्य समेत प्रस्तुत गरी स्वागत गरिएको थियो । कार्यक्रममा रामबजार सोसाइटी युकेका निवर्तमान अध्यक्ष रुपक गुरुङ्ग, महिला नगर समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङ्ग, टोलसुधार समिति रामबजारका अध्यक्ष सम्मरबहादुर श्रेष्ठ, श्रीकृष्ण मन्दिर संचालन समितिका अध्यक्ष ज्ञानबहादुर थापा, नयाँगाउँ टोलसुधार समितिका अध्यक्ष एवम् समाजसेवी बुद्धिमान धम्पु, समाजसेवी जयलाल पुन, श्रीकृष्ण मन्दिर आमा समूहका अध्यक्ष मिना भण्डारी, वडा महिला समन्वय समिति वडा नं.१५ का अध्यक्ष पार्वती कार्की लगायतले बोलेका थिए ।

श्रीकालिका मन्दिर संचालक समितिका अध्यक्ष मनवीर गुरुङ्ग ढासाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव मिन बहादुर कार्कीले गरेका थिए ।

बुलौंदीमा पूजा सामाग्री भण्डार संचालन

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

पोखरा-७ बुलौदीमा पूजा सामग्री भण्डार सञ्चालनमा आएको छ । स्थानीय रमिला रेग्मीले उक्त पसल सञ्चालनमा ल्याएकी हुन् । आइतबारबाट पूर्ण रूपमा पसल सञ्चालनमा आएको उनले बताइन् । मासबार, नुवारथोक, मालेपाटन, लेकसाइड, जिरो किलोमिटर, खहरे, पामे, ठूलाखेत लगायतका क्षेत्रमा सेवा दिने उद्देश्यले पसल सञ्चालनमा आएको हो । पसलमा छैटी, न्वारनदेखि मृत्यु संस्कार तथा रूद्रीदेखि सप्ताह सम्मका लागि आवश्यक पूजा सामग्रीहरु राखिएका छन् । तिहारका लागि लक्षित गरी अन्य सामग्रीहरु पनि राखिएको सञ्चालक रेग्मीले जानकारी दिइन् ।

रामबजार महोत्सव जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ कार्तिक ।

रामबजार युथ क्लवले आयोजना गरेको तेस्रो रामबजार महोत्सव-२०७२ आइतबार पनि जारी रहेको छ। कालिका उच्च माविको प्राङ्गणमा २० गतेदेखि शुरु भएको महोत्सव कात्तिक २५ गतेसम्म चल्ने छ। पहिलो पटक तीन र दोस्रो पटक चार दिनको महोत्सव गरेको क्लवले यसपटक ६ दिनको महोत्सव गरेको हो। महोत्सव तेस्रो दिनसम्म आइपुग्दा दर्शकको सहभागिता बढ्दै गइरहेको छ। महोत्सवमा दिउँसो लोक सङ्गित र राति लाइभ पप कन्सर्टमा दर्शकहरु रमाइरहेको अध्यक्ष कुमार थिङले जानकारी दिए। रामबजारको पहिचान र विकासको मुख्य उदेश्यले महोत्सव आयोजना गरिएको हो। क्लवका सचिव खगेन्द्र क्षेत्रीका अनुसार, महोत्सवको आकर्षणमा देउसी भैलो प्रतियोगिता, लोक नृत्य प्रतियोगिता, राष्ट्रिय एवं स्थानीय कलाकारहरुको प्रस्तुति, जातीय झाँकी, खानेकुरा तथा खेलकुदका स्टल, म्याराथन, बाल उद्यान रहेका छन्। महोत्सवबाट बचत भएको रकम रामबजारको शैक्षिक एवं सामाजिक विकास र सोलार लाइट जडानका लागि खर्च गरिने बताइएको छ।

युवा गतिविधिलाई प्रोत्साहन गर्न महोत्सवलाई सफल बनाउन क्लवले सबैलाई आग्रह गरेको छ। महोत्सव झण्डै एक लाख दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ। महोत्सव सम्पन्न गर्न ३२ लाख ९५ हजार खर्च लाग्ने र महोत्सवबाट दुई लाख ५० हजार रुपैयाँ बचत हुने अनुमान गरिएको छ।

पोखरा उप-महानगरपालिका कार्यालयको सार्वजनिक सुनुवाइ सम्बन्धी

सूचना ! सूचना !! सूचना !!!

उपरोक्त विषयमा पोखरा उप-महानगरपालिका कार्यालयको आ.व. २०७२/०७३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम वडा नं. ७ को श्रीकृष्ण मा.वि. मासबार पोखरा-७ मा मिति २०७२ कार्तिक २४ गते मंगलबार दिनको १२:३० बजे आयोजना गरिएको छ । उक्त कार्यक्रममा सम्पूर्ण नगरवासी, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्थाका प्रतिनिधि, विकास साझेदार कार्यालयका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधिहरु, संचारकर्मी, वर्हिगमन अभिमत फारम भर्ने प्रतिनिधि लगायत सरोकारवाला सम्पूर्णलाई सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ ।

उदयबहादुर रानामगर
कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...
BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

STUDY IN JAPAN
January/April intake 2016

- High Visa Success rate
- NAT/JLPT Optional
- Audio/ Video को माध्यमबाट पढाइ
- College/ City of your Choice
- Free language / Documentation
- हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
- Gap भएकाले पनि Apply गर्न मिल्ने
- जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरु धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा